कालिका गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः६ संख्या: १ मिति २०७९/०४/१५

भाग-१

## कालिका गाउँपालिका

## आ.व. २०७९/०८० को नीति तथा कार्यक्रम, २०७९

**दीर्घकालीन सोँच**

"सुशासन र समृद्धिको अभियान; दिगो विकास र जनमुखी प्रशासन"

**प्रमुख नीति तथा कार्यक्रमहरू**

**आर्थिक विकासतर्फ**

- **कृषि तथा पशुपालन सम्बन्धी नीति**

१.स्थानीय सम्भाव्यता, तुलनात्मक लाभ, प्रतिस्पर्धी क्षमता तथा विशेष अवसरहरूको उपयोग गरी कृषक तथा कृषि प्राविधिकहरूको सीप एवम् क्षमता विकास गर्दै उपयुक्त कृषि प्रविधिको समेत उपयोग मार्फत कृषिको आधुनिकीकरण, व्यवसायीकरण र यान्त्रिकीकरण गर्दै लगिनेछ, यसका लागि सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारका साधन स्रोतहरुको संयुक्त लगानी र साझेदारीमा जोड दिइनेछ।

२.वैदेशिक रोजगारीबाट फर्किएका युवाहरु र साना व्यवसायिक कृषकहरुलाई कृषि पेशामा उत्प्रेरित गरी कृषि उत्पादन र उत्पादकत्त्व अभिवृद्धि गर्नका लागि मागमा आधारित कृषि कार्यक्रम सञ्चालन गरिनेछ।

३.कम लागतमा कृषि बस्तुहरुको उत्पादन तथा उत्पाकत्त्वमा वृद्धि ल्याउन उन्नत बिउबिजन, नश्ल सुधार, मलखाद र औषधिहरुको आपूर्ति र कृषि यान्त्रिकीकरण तथा विविधीकरणमा जोड दिई ५० प्रतिशत अनुदानमा मौसमी तथा बेमौसमी बिउबिजन र कृषि उपकरण वितरण कार्यक्रम सञ्चालन गरिनेछ। साथै गाउँपालिकालाई तरकारी उत्पादनमा आत्मनिर्भर बनाइनेछ।

४.कृषकहरुलाई आवश्यक पर्ने कृषिजन्य बिउ सहज रुपमा उपलब्धता सुनिश्चितताका लागि बिउ बैङ्कको स्थापना गरिनेछ।

५.कृषि तथा पशुपालन क्षेत्रको विकास तथा विस्तारका लागि यथार्थपरक कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्न कृषकहरुको वास्तविक अवस्था तथा सम्भाव्यता पहिचानका लागि तथ्याङ्क सङ्कलनका साथै किसान सूचीकरण र अभिलेख एवं किसान परिचयपत्रको व्यवस्था गरी परिचयपत्रका आधारमा कृषि अनुदानका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

६.गाउँपालिकामा कृषि प्रयोगशालाको स्थापना गर्ने र प्रयोगशालाका लागि आवश्यक Reagents को व्यवस्था गरी माटो परीक्षण कार्य सञ्चालन गरिनेछ।

७.कृषि समूह तथा कृषि सहकारी मार्फत कृषिजन्य वस्तुहरूको उत्पादन र उत्पादकत्व वृद्धि गरी लक्षित वर्गको आय आर्जन अभिवृद्धिमा जोड दिइनेछ।

८.कृषि तथा पशुपालनलाई विविधीकरण तथा व्यवसायीकरण गर्न कृषकहरुलाई सहज, सरल, सुलभ र प्रभावकारी प्राविधिक सहायता उपलब्ध गरानेछ।

९. गाउँपालिकालाई क्रमशः विषादीरहित कृषि उत्पादन तर्फ उन्मूख गराउन किसानहरुमा सचेतना अभिवृद्धि गर्दै प्राविधिक ज्ञान समेत उपलब्ध गराईनेछ। यसका लागि कृषि प्राविधिकहरुको क्षमता अभिवृद्धि गरी यथासम्भव किसानको खेतबारीमा परिचालन गरिनेछ।

१०.पशु स्वास्थ्य सेवामा विस्तार, नश्ल सुधार (कृतिम गर्भाधान तथा प्राकृतिक गर्भाधान) पशुआहारमा सुधार र पशु स्वास्थ्य सेवाको लागि पशु औषधि तथा खोप सेवा र प्राविधिक जनशक्तिको परिचालन मार्फत् कालिका गाउँपालिकालाई पशुपालन पकेट क्षेत्रको रूपमा विकास गर्न सङ्घीय र प्रादेशिक सरकारसँग समन्वय र सहकार्य गरिनेछ।

११.कृषि तथा पशुपन्छीको क्षेत्रमा हुने जोखिमलाई बिमाको माध्यमबाट न्यूनीकरण गर्न केन्द्रीय सरकारले बिमा प्रमियममा ८० प्रतिशत अनुदानको व्यवस्था गर्ने र कृषकले २० प्रतिशत स्वयं व्यहोर्नुपर्ने व्यवस्था रहेकोमा कृषकको तर्फबाट व्यहोर्नुपर्ने २० प्रतिशतलाई सत प्रतिशत मानी गाउँपालिकाले बिमा प्रिमियमा ५० प्रतिशत अनुदान दिने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१२.रेविज रोग नियन्त्रण कार्यक्रमलाई निरन्तरता दिनुका साथै कुकुर बन्ध्याकरण शिविर कार्यक्रम सञ्चालन गरिनेछ।

१३.यस कालिका गाउँपालिकाअन्तर्गत रहेका कृषकहरुको पशुपन्छीहरुलाई उपचार तथा संरक्षणका लागि पशुपन्छी औषधि, उपकरण तथा खोप सेवा कार्यक्रम सञ्चालन गरिनेछ।

१४.कृषि क्षेत्रमा सञ्चालित एक गाउँ एक प्राविधिक कार्यक्रमलाई सङ्घीय सरकारसँग साझेदारीमा निरन्तरता दिइनेछ।

१५.कालिका गाउँपालिकाभित्र बाख्रापालनको स्रोत केन्द्र स्थापनाका लागि सङ्घीय र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ।

- **उद्योग तथा वाणिज्य सम्बन्धी नीति**

१. उद्यमीहरुको क्षमता तथा सीप विकासका लागि आवश्यकता पहिचानका आधारमा पुनर्ताजकी र एडभान्स सीप विकास तालिम कार्यक्रम गरिनेछ र लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गरिनेछ।

२. स्थानीय श्रम, पुंजी र प्रविधिमा आधारित लघु, घरेलु तथा साना उद्योगको स्थापनामा जोड दिइनेछ। यसका लागि सङ्घीय र प्रादेशिक सरकारसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ।

३. गाउँपालिकाभित्र रहेका लघु उद्यमीहरुले उत्पादन गरेका बस्तुहरुको बजारीकरण गर्न लघु व्यापार र उद्यम मेलाको आयोजना गरिनेछ।
४. गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने उपभोक्ताको संवैधानिक हकको सुनिश्चितताको लागि पालिकाभित्रका सबै किसिमका व्यापार व्यवसायको नियमित अनुगमन गर्नुका साथै बजार केन्द्रमा रहेका पसलहरुमा उपभोग्य वस्तुको मूल्यसूची राख्ने व्यवस्थालाई अनिवार्य गरिनेछ।
५. अद्यौगिक ग्राम स्थापना गर्न आवश्यक जग्गाको व्यवस्थापन गर्दै बजेट व्यवस्थापन लागि सङ्घीय सरकार र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ।
६. स्थानीयस्तरमा उपलब्ध कच्चा पदार्थहरु र स्थानीय सिप तथा दक्षताको प्रयोग एवं प्रशोधन गरी उत्पादित बस्तुहरुको बजारीकरण गरिनेछ।
७. गाउँपालिकामा उपलब्ध जलस्रोत उपयोग गरी खानेपानी उद्योग सञ्चालन गर्न चाहने उद्यमीहरुलाई आवश्यक आर्थिक एवं प्राविधिक सहयोग गरिनेछ।
८. गाउँपालिकाभित्र कुनै उद्यमीहरुले लघु उद्यम स्थापना एवं सञ्चालन गर्न चाहेमा गाउँपालिकाबाट आवश्यक आर्थिक अनुदान प्रदान गरिनेछ।

- **पर्यटन विकास सम्बन्धी नीति**

१. ऐतिहासिक रुपमा प्रसिद्ध र धार्मिक रुपमा पवित्र स्थल कालिका क्षेत्रलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न आवश्यक धार्मिक तथा पर्यटन पूर्वाधारका कार्य गर्न नेपाल सरकार तथा प्रादेशिक सरकारका पर्यटनसँग सम्बन्धित निकायहरुसँग समन्वय र सहकार्य गरिनेछ।
२. कालिका-२ स्याउबारी पिकनिक स्पट तथा बुद्ध मन्दिर निर्माणका कार्य निरन्तरता दिई Phase 1 को कार्य सम्पन्न गरिनेछ।
३. कालिका स्याउबारी, लोकिल हुँदै गोसाईकुण्ड पदमार्ग निर्माण कार्य अघि बढाइनेछ र उक्त कार्यका लागि आवश्यक बजेटको व्यवस्थाका लागि सङ्घीय सरकार र प्रदेश सरकारसँग समन्वय गरिनेछ।
४. पर्यटन व्यवसायलाई प्रवर्द्धन गर्न कालिका गाउँपालिकाको वडा नं २ स्थित कमारे गढीलाई पर्यटकीय स्थलको रुपमा विकास गर्नका लागि प्राविधिक सम्भाव्यता अध्ययन गरिनेछ।
५. पर्यटकीय क्षेत्रहरूमा होटल, लज, रिर्सोट होम स्टे खोल्न निजी क्षेत्रलाई प्रोत्साहित गर्नुका साथै पर्यटकीय क्षेत्रको प्राकृतिक सौन्दर्यता एवम् वातावरणीय स्वच्छता खलल पर्न नदिने तर्फ समेत विशेष ध्यान दिने नीति अवलम्वन गरिनेछ।
६. जिपलाइन, बन्जि जम्पिङ, रक क्लाइम्बिङ, प्यारागलाइडिङ जस्ता सहसायिक खेलहरुको निर्माणका लागि सम्भाब्यता अध्ययनका लागि सङ्घीय सरकार र प्रदेश सरकारसँग समन्वय एवं सहकार्य गरिनेछ।

- **सहकारी सम्बन्धी नीति**

१. सहकारी क्षेत्रलाई छरिएर रहेका स्थानीय पुँजीको व्यवस्थापन गर्दै उद्यम व्यवसायको प्रवर्द्धनमा परिचालन गरिनेछ।
२. सहकारी संस्थाहरुलाई विद्यमान अवस्थामा रोजगारी सिर्जना तथा गरिबी निवारणतर्फ निर्देशित गरी सहकारीका क्रियाकलापहरुलाई कृषि, लघुउद्यम, साना उद्योग, स्वरोजगारमूलक उद्यम एवम् उत्पादनशील क्षेत्रसँग जोड्दै लगिनेछ ।

३. सहकारी संस्थाहरुलाई बचत र ऋणको सघनताबाट आय आर्जन र रोजगारी सिर्जनातर्फ केन्द्रित गर्न प्रोत्साहित गरिनेछ।

४. सहकारी संस्थाबाट आय आर्जनमूलक तथा स्वरोजगारमूलक कार्यमा पुँजी परिचालन गर्दा विपन्न वर्ग, महिला, सीमान्तकृत, दलित र अपाङ्गता भएका व्यक्ति, भूमिहीन तथा पिछडिएको समुदाय र श्रमिकहरुलाई विशेष प्राथमिकता दिन आवश्यक व्यवस्था मिलाइनेछ।

५. गाउँपालिकाअन्तर्गत रहेका सहकारी संस्थाहरुको गाउँपालिकाबाट नियमित अनुगमन तथा नियम गरिनेछ।

**सामाजिक विकासतर्फ**

- **शिक्षा सम्बन्धी नीति**

१. गुणस्तरीय शिक्षा प्राप्त गर्ने नागरिकको नैसर्गिक अधिकारको प्रत्याभूतिका लागि स्थानीय तहको संविधानप्रदत्त माध्यामिक शिक्षासम्मको अधिकार क्षेत्र अनुरुप गाउँपालिका क्षेत्रमा रहेका सामुदायिक तथा संस्थागत विद्यालयहरुको व्यवस्थापनलाई प्रभावकारी बनाउन सङ्घीय तथा प्रादेशिक सरकारका नीति तथा कार्यक्रमसँग एकाकार गर्दै दक्षतापूर्ण कार्यान्वयन गरिनेछ।

२. गाउँपालिकाभित्र विवाह गरी आएका बुहारीहरुका लागि गाउँपालिकाभित्र रहेका सामुदायिक शैक्षिक संस्थाहरुमा अध्ययन गर्न १२ कक्षा भन्दामाथिको अध्ययनमा पूर्ण छात्रवृत्तिको व्यवस्था गरिनेछ।

३. विद्यालयमा आधुनिक उपकरणयुक्त विज्ञान प्रयोगशाला निर्माण तथा सञ्चालन गर्न सुरु गरिएको कार्यक्रमलाई क्रमशः सबै विद्यालयमा विस्तार गर्न सङ्घीय र प्रादेशिक सरकारसँग सहकार्य गरिनेछ।

४. सङ्घीय सरकारबाट विद्यालयको शैक्षिक पूर्वाधार निर्माण तथा विकासका लागि प्राप्त हुने सबै प्रकारका अनुदान तथा सशर्त रकमबाट हुने क्रियाकलापलाई गाउँपालिकाबाट नियमित अनुगमन गरी उत्कृष्ट कार्य गर्ने विद्यालयलाई प्रोत्साहित गर्ने तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन नगर्ने विद्यालयलाई पुनः कार्यक्रम स्वीकृति नगर्ने एवम् विनियोजनका क्रममा प्राथमिकतामा नराख्ने नीति लिइनेछ ।

५.आधारभूत तहका साना कक्षाका विद्यार्थीहरुलाई प्रदान गरिँदै आएको दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिंदै त्यसको प्रभावकारी व्यवस्थापनको आवश्यक प्रबन्ध मिलाइनेछ।

६.विद्यालय तहको अन्तिम परीक्षामा उत्कृष्ट नतिजा सहित सबैभन्दा उच्च दरमा विद्यार्थी उत्तीर्ण गराउने विद्यालय र विषयगत शिक्षकहरूलाई प्रोत्साहित गरिनेछ।

७.विद्यालयमा कार्यरत बालविकास सहजकर्ता, विद्यालय कर्मचारी र विद्यालय सहयोगीहरुलाई थप प्रोत्साहनको व्यवस्थालई निरन्तरता दिइनेछ।

८.सामुदायिक अध्ययन केन्द्र तथा बालविकास केन्द्रहरूलाई उद्देश्य अनुरुप प्रभावकारी बनाउनुका साथै नतिजामूलक र सक्षम बनाइनेछ।

९.आधुनिक शिक्षण पद्धतिलाई अभिवृद्धि गर्दै सरोकारवाला निकायहरूसँगको समन्वय र सहकार्यमा विद्यालयस्तरमा सूचना प्रविधिको पहुँच अभिवृद्धि गरी शैक्षिक गुणस्तरमा सुधार गरिनेछ।

१०.उत्कृष्ट, जेहेन्दार तथा दलित समुदायका छात्रछात्राहरुलाई उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्तिको व्यवस्था गरिनेछ।

११.गाउँपालिकाभित्र कृषि सम्बन्धी प्राविधिक शिक्षा सञ्चालन गर्न एक प्राविधिक शिक्षालयको स्थापना गर्न आवश्यक पहल गरिनेछ।

१२.गाउँपालिका क्षेत्रबाट नै उच्च शिक्षा प्रदान गर्न कालिका हिमालय क्याम्पसको व्यवस्थापनमा सहयोग गरिनेछ।

१३.सबै विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधि विकास र विस्तार गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

१४.सामुदायिक विद्यालयको सुदृढीकरण तथा शैक्षिक गुणस्तर अभिवृद्धि गर्न विद्यार्थी संख्या न्यून भएका विद्यालयहरुलाई समायोजन तथा एकीकरण गर्ने वा कक्षा घटाएर सञ्चालन गरिनुका अलावा विद्यार्थी संख्या र शैक्षिक गुणस्तरलाई ध्यान दिई शिक्षक दरबन्दी मिलान गरिनेछ।

१५.विद्यार्थीको सर्वाङ्गीण विकासका लागि खेलकुद तथा अतिरिक्त क्रियाकलाप सञ्चालनको व्यवस्था मिलाइनेछ।

१६.विद्यार्थीहरुको शारीरिक तथा मानसिक विकासमा नकारात्मक असर पुऱ्याउने हानिकारक खाना (जङ्क फुड) लाई विद्यालय हाताभित्र निषेध गरिनेछ।

१७.आधारभूत तह उत्तिर्ण परीक्षा (कक्षा ८) को प्रति विद्यार्थी परीक्षा शुल्क रकम सङ्घीय सरकारले तोकेअनुसार संस्थागत विद्यालयहरुले जम्मा गर्ने नीति लिइनेछ।

१८.गाउँपालिकाभित्र रहेका शिक्षित युवायुवतीहरुलाई सरकारी सेवामा आकर्षित गर्दै लोकेसेवा/ शिक्षक सेवा आयोगको परीक्षामा उतिर्ण हुने दर अभिवृद्धि गरी शैक्षिक बेरोजगारी कम गर्न लोकसेवा आयोग/शिक्षक सेवा आयोग सम्बन्धी तयारी कक्षा सञ्चालन गरिनेछ।

- **स्वास्थ्य**

१.गाउँपालिकाभित्रका सम्पूर्ण नागरिकहरुका स्वास्थ्य सुरक्षाको सूचिश्चितताका लागि निशुल्क स्वास्थ्य बिमा गरिनेछ।

२.गाउँपालिकाका सम्पूर्ण नागरिकहरुलाई सुलभ, सहज र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक स्वास्थ्य औजार एवं उपकरण र पर्याप्त स्वास्थ्य जनशक्तिको व्यवस्था गरी प्रभावकारी रुपमा परिचालन गरिनेछ।

३.गाउँपालिकाका सम्पूर्ण गर्भवति महिलाका लागि सञ्चालनमा रहेको पोषण कार्यक्रमअन्तर्गत अण्डा वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

४.गाउँपालिका अन्तर्गत सञ्चालित जिवजिवे ग्रामीण अस्पताल तथा सबै स्वास्थ्य संस्थाहरुबाट निःशुल्क आधारभूत स्वास्थ्य सेवा प्रदान गरिनेछ। निःशुल्क वितरण गरिने औषधीको उचित प्रबन्ध गर्नुका साथै सशुल्क अत्यावश्यकीय औषधीहरूलाई हरेक स्वस्थ्य संस्थाबाट सर्वसुलभ रुपमा बिक्री वितरण हुने व्यवस्था मिलाइनेछ ।

५.जिबजिबे ग्रामीण अस्पतालमा दन्त सेवा बिस्तार गरिनेछ र सो का लागि आवश्यक उपकरण तथा जनशक्तिको व्यवस्था मिलाइनेछ ।

६.गाउँपालिका क्षेत्रभित्रका विपन्न तथा अति गरिबलाई स्वास्थ्य संस्थाबाट जटिल समस्या हुँदा निशुल्क आकस्मिक रेफरल ऐम्बुलेन्स सेवाको व्यवस्था सँगै आवश्यक स्वास्थ्य सेवाका लागि सहयोग गरिनेछ।

७.गाउँपालिकाभित्रका पाँच स्वास्थ्य संस्थाहरुबाट नसर्ने रोग (मुटु तथा रक्तनलीहरु, दम, Blood Pressure र मधुमेह) को रोकथाम, नियन्त्रण र व्यवस्थापन गर्न Screening शिविर सञ्चालन गरिनेछ।

८.कालिका गाउँपालिकाअन्तर्गत रहेको जिवजिवे अस्पतालमा हरेक महिनाको एक पटक मानसिक रोग विशेषज्ञ सेवा सञ्चालन गर्ने र विभिन्न रोगका सामान्य सर्जिकल अपरेसनका लागि शिविर सञ्चालन गरिनेछ।

९.गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाको क्षमता बाहिरका मुटुरोग, रेडियोलोजी, हाडजोर्नी, मृगौला, स्त्रीरोग तथा मानसिक रोग सम्बन्धी विरामीहरुलाई विशेषज्ञ चिकित्सकबाट निश्चित समायवधिमा स्वास्थ्य परीक्षण गराउने व्यवस्था मिलाइनेछ ।

१०.अपाङ्गता भएका व्यक्ति, अति गरीब, असाहय, जेष्ठ नागरिक, महिला स्वास्थ्य स्वयंसेविका र एकल महिलाहरूलाई गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाबाट उपलब्ध गराईने निशुल्क स्वास्थ्य सेवालाई निरन्तरता दिइनेछ। गाउँपालिका अन्तर्गत स्वास्थ्य सेवा उपलब्ध गराउँदा सुत्केरी तथा गर्भवतीलाई विशेष सुविधा दिइनेछ।

११.नेपाल सरकारबाट हाल प्राथमिकतामा परेका खोप सेवा, सुरक्षित मातृत्व सेवा, परिवार नियोजन सेवा, नवशिशु तथा एकीकृत बाल रोग व्यवस्थापन सेवा, पोषण सेवा लगायतका सेवाहरुलाई प्राथमिकीकरण अनुसार प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

१२.पालिकाबासी नागरिकहरुमा आयुर्वेद तथा आयुर्वेदिक औषधीहरुको महत्व बारेमा सचेतना बढाउने तथा पालिका अन्तर्गत सञ्चालनमा रहेका आयुर्वेद संस्थाहरुको सेवा प्रवाह क्षमता अभिवृद्धि गरिनेछ।

१३.गाउँपालिकाअन्तर्गत सञ्चालनमा रहेको जिवजिवे ग्रामीण अस्पताललाई आवश्यक स्वास्थ्य स्रोत साधन एवं सामग्रीहरु र आवश्यक जनशक्तिको व्यवस्था गरी गुणस्तरीय सेवा प्रवाहको प्रबन्ध गरिनेछ।

१४.महिला स्वयंसेविकाहरुद्वारा प्रदान गरिदैं आएको सेवाको अनिवार्यता र प्रभावकारिता मनन गर्दै उनीहरुलाई आफ्नो कार्यमा अझ उत्प्रेरित हुने वातावरण निर्माण गरिनेछ ।

१५.यथासमयमा स्वास्थ्य सेवा पाउने नागरिक अधिकार सुनिश्चित गर्न गाउँपालिकाबाट सञ्चालनमा आएका एम्बुलेन्सलाई निरन्तर सञ्चालन गर्दै सेवालाई अझ सहज, सरल र प्रभावकारी बनाइनेछ ।

१६.कालिका सामुदायिक स्वस्थ्य सेवा केन्द्रलाई ट्रमा अस्पतालमा स्तरोन्नति गर्न प्रदेश सरकार र सङ्घीय सरकारसँग समन्वय र सहकार्य गरिनेछ ।

१७.कालिका गाउँपालिकाको भौगोलिक बिकटता र जनसंख्यलाई ध्यानमा राखी ग्राङमा रहेको सामुदायिक भवनमा सामुदायिक स्वास्थ्य केन्द्र स्थापना गर्न विशेष पहल गरिनेछ।

➢ **खानेपानी तथा सरसफाइ**

१.नागरिकको स्वच्छ खानेपानीको अधिकारलाई सुनिश्चित गर्न खानेपानीका स्रोतहरुको संरक्षण तथा सम्बर्धन गरिनुका साथै खानेपानी वितरण व्यवस्थालाई प्रभावकारी बनाउन खानेपानी उपभोक्ता समितिसँग सहकार्य गरिनेछ ।

२.ग्रामीण स्तरमा विद्यमान खानेपानीको समस्या समाधानका लागि साना साना मुहानको संरक्षण तथा त्यसबाट खानेपानी वितरण हुनेगरी साना साना आयोजना सञ्चालनमा ल्याइनेछ।

३.गाउँपालिकालाई स्वच्छ र सफा बनाउन विगतदेखि नै सुरु गरिएको फोहोरमैला व्यवस्थापन कार्यमा वडा समितिहरुलाई जिम्मेवार बनाई वडा वडामा फोहोर व्यवस्थापन गर्न आवश्यक प्रबन्ध गर्न प्रारम्भ गर्नुका साथै हाल उपयोगमा रहेको फोहोर सङ्कलन तथा वर्गीकरण केन्द्रलाई व्यवस्थित बनाइनेछ।

४.खानेपानीको मुहान पहिचान गरी मुहानको संरक्षण गर्दै गाउँपालिकाका बासिन्दाहरुलाई शुद्ध खानेपानी व्यवस्था गरिनेछ।

५.फोहोर व्यवस्थापनलाई प्रभावकारी रुपमा व्यवस्थापन गर्न घरेलु तथा व्यवसायजन्य फोहोरको स्रोतमै कुहिने र नकुहिने फोहोरको वर्गीकरण गरी दिगो व्यवस्थापनमा जोड दिइनेछ ।

६.प्रदुषकले तिर्नुपर्ने सिद्धान्तको अवलम्वन गर्दै तोकिए बमोजिम बाहेक फोहोर गर्ने एवम् पालिकाको वातावरणमा नकारात्मक असर पुऱ्याउने हानिकारक क्रियाकलाप गर्ने नागरिकलाई दण्डित गर्ने नीति अख्तियार गरिनेछ।

७.गाउँपालिका उपभोक्ताहरुलाई शुद्ध खानेपानीको व्यवस्था गर्न डिपबोरिनङ कार्यका लागि प्राविधिक सम्भाब्यता अध्ययन गरिनेछ।

**८. खेलकुद तथा मनोरञ्जन**

१.बालबालिका तथा युवाको सर्वाङ्गीण विकासका लागि खेलकुद तथा मनोरन्जनको महत्वलाई मनन गरी रसुवा जिल्लाभित्रकै नमूना खेलमैदान निर्माणका लागि कालिका-३ भित्र निर्माण हुँदै गरेको सहिद स्मृति खेलमैदानको स्तरोन्नति कार्य गर्न सङ्घीय सरकार र प्रदेश सरकारसँग समन्वय एवं सहकार्य गरिनेछ।

२.राष्ट्रपति कालिका रनिङ्ग शिल्ड खेलकुद प्रतियोगिताका माध्यमद्वारा प्रतिभाको पहिचान एवम् विकास र विद्यार्थीहरुको क्षमता विकास गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

३.बालवालिका तथा युवाहरुको खेलकुद विकासमा सहयोग पुऱ्याउनका लागि खेलकुद विकास समितिलाई निरन्तरता दिँदै क्षमता विकास गरिनेछ।

४.गाउँपालिकाका युवा प्रतिभाहरुलाई विभिन्न किसिमका खेल गतिविधिमा सहभागिताका अवसर प्रदान गर्दै उनीहरुको क्षमता विकासमा सहयोग गरिनेछ।

➢ **लैङ्गिक सशक्तीकरण तथा सामाजिक समावेशीकरण र सामाजिक न्याय**

१.अपाङ्ग, असाहायहरुका लागि कालिका गाउँपालिकाको वडा नं २ मा एक मानव आश्रमको निर्माण कार्य सम्पन्न गरिनेछ।

२.गाउँपालिका क्षेत्रभित्र रहेका जेष्ठ नागरिक, ६० वर्षभन्दा माथिका दलित जेष्ठ नागरिक र "क" वर्गका अपाङ्गता भएका व्यक्तिहरुको सम्मानका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

३.नेपालको संविधानले प्रत्याभूत गरेको लैङ्गिक विभेदको अन्त्य, महिलाको समान वंशीय हक, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य जस्ता महिलाको आधारभूत अधिकारको सुनिश्चितताको लागि राज्यद्वारा लिइएका सबै किसिमका नीतिहरुको पालना गरिनेछ।

४.महिला विरुद्ध हुने सबै प्रकारका हिंसा तथा विभेदको अन्त्यको लागि सामाजिक सचेतनाका अलावा महिलाको क्षमता विकास एवम् सशक्तीकरण अत्यावश्यक भएको सन्दर्भमा उनीहरुको क्षमता एवम् व्यक्तित्व विकाससँग सम्बन्धित कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

५.महिलाहरुलाई विकासको मूलप्रवाहमा ल्याई उनीहरुको सशक्तीकरण तथा क्षमता विकास गर्न महिला उपभोक्ता तथा लाभदायीहरुको मात्र सहभागितामा हुने विकास निर्माण कार्यमा विशेष प्रोत्साहनको व्यवस्था गरिनेछ । यस प्रकार सञ्चालन हुने आयोजना तथा कार्यक्रमबाट कन्टिन्जेन्सी वापतको रकम कट्टा गरिने छैन ।

६.मानव वेचविखनजस्ता अपराधजन्य क्रियाकलापलाई नियन्त्रण र निरूत्साहित गर्न सरोकारवाला निकायहरुसँग कार्यगत एकता एवम् समन्वय गरिनेछ।

७.भूमिमाथि महिला स्वामित्व बढाउन राज्यले लिएको नीतिको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक चेतनामूलक कार्य गर्नुका साथै सरोकारवाला निकायहरुसँग समन्वय र सहकार्य गरिनेछ।

८.बालबालिकाहरूको पोषण, हेरचाह बालश्रम न्युनीकरण तथा असाहाय बालबालिकाको संरक्षणमा गाउँपालिकाबाट जोड दिइनेछ । यसका लागि विभिन्न सरकारी तथा गैरसरकारी निकायसँग समन्वय र सहकार्य गरिनेछ ।

९.जातीय तथा लैङ्गिक आधारमा हुने छुवाछुत, भेदभाव र विभेदहरूलाई न्युनीकरण गर्दै छुवाछुतमुक्त र विभेदरहित समाजको निर्माण गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

१०.न्यायिक समितिको काम कारवाहीलाई अझ बढी प्रभावकारी बनाउन ईजलास निर्माण, क्षमता अभिवृद्धि तथा अन्य आवश्यकीय प्रबन्ध गरिनेछ ।

११.गाउँपालिकाले सञ्चालन गर्ने कार्यक्रमहरुमा आदिबासी जनजाति,दलित र अपाङ्गगता भएका समुदायको समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता गर्दै लक्षित वर्गको सामाजिक तथा आर्थिक उन्नतिको लागि विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१२.अपाङ्गता भएका व्यक्तिहरूका लागि सशक्तिकरणका कार्यक्रमहरू सञ्चालन गर्नुका साथै वास्तविक तथ्यांङ्क सङ्कलन गरी विभिन्न सहयोगी संस्था समेतको सहयोगमा उनीहरुको पुनर्स्थापनामा विशेष सहयोग लिने नीति लिइनेछ ।

१३.गाउँपालिका क्षेत्रमा अब बन्ने सरकारी संरचनाहरु अपाङ्गमैत्री बनाउने नीति लिइनेछ ।

➢ **पूर्वाधार विकास सम्बन्धी नीति**

१.दिगो विकासको अवधारणा अनुसार निर्माण गर्नुपर्ने एवम् वातावरणीय प्रभाव मूल्याङ्कन गरी निर्माण तथा सञ्चालन गर्नुपर्ने आयोजनाको आवश्यकता अनुसार DPR/IEE/EIA तयार गर्ने नीति लिइनेछ।

२.आयोजनाहरुलाई तोकिएको अवधिमा सम्पन्न गरी प्रभावकारी र नतिजामूलक व्यवस्थापन गर्न सार्वजनिक खरिद ऐन र नियमावली एवम् गाउँपालिकाको आन्तरिक कार्यविधिमा उल्लेख भएबमोजिम समयमै खरिद गुरुयोजना/वार्षिक खरिद योजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ।

३.आयोजना कुनै कारणबस ढिलो व्यवस्थापन हुने अवस्थामा बाहेक आर्थिक वर्षको चैत्र मसान्तभित्र निर्माण सम्पन्न गर्ने गरी आयोजना व्यवस्थापन गरिनेछ ।

४.बहुवर्षीय ठेक्कामा जानुपर्ने वा क्रमागतरुपमा केही वर्ष सञ्चालन गर्नुपर्ने आयोजनाहरुलाई स्रोत सुनिश्चित गर्ने गरी त्यस्ता आयोजनालाई पहिलो प्राथमिकतामा राखी बजेट विनियोजन गर्ने पद्धतिलाई अझ बढी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

५.अधुरा तथा सम्पन्न हुन बाँकी भएका योजना तथा आयोजनाहरुलाई प्राथमिकतामा राखी सम्पन्न गरिनेछ।

६.आगामी दुई वर्षभित्र वडा भवन निर्माण हुन बाँकी भएको वडाहरुमा वडा भवन निर्माण गरिनेछ।

७.भ्यू टावर, गेट निर्माणजस्ता अनावश्यक भौतिक पूर्वाधार निर्माण नगर्ने नीति लिइनेछ।

८.ठुला तथा बहुवर्षीय आयोजनाको रुपमा सञ्चालन गर्नुपर्ने आयोजनाहरुको निर्माण तथा सञ्चालनमा सङ्घीय सरकार, प्रदेश सरकार एवम् अन्य निकायहरुँग साझेदारी र सहकार्य गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

९.प्राविधिक रुपमा जटिल तथा ठुला मेसिन उपकरण प्रयोग गर्ने आयोजनाहरु उपभोक्ता समितिबाट निर्माण गरिने छैन।

१०.उपभोक्ताको तर्फबाट लागत व्यहोर्न नसक्ने आयोजनाहरुलाई ठेक्का प्रक्रियाबाट व्यवस्थापन गरिनेछ ।

११.ठेक्का व्यवस्थापनबाट निर्माण गरिने पूर्वाधार आयोजनाहरुमा विनियोजित रकम बाँकी हुन आउने भएमा सम्बन्धित वडामा खर्च गर्ने नीति अख्तियार गरिनेछ ।

१२.उपभोक्ता समितिबाट निर्माण तथा सञ्चालन हुने आयोजनामा पेस्की उपलब्ध नगराउने नीतिलाई निरन्तरता दिइनेछ ।

१३.ठेक्का प्रक्रियाबाट संचालन गरिने कार्यक्रम तथा योजनाको भुक्तानी दिदा सम्बन्धित वडा कार्यालय तथा गाउँपालिका स्तरीय अनुगमन समितिको सिफारिस अनिवार्य गर्ने नीति लिइनेछ।

१४.गाउँ सभाबाट स्विकृत योजनाहरूलाई आ.व. को चैत्र मसान्त भित्र सम्पन्न गर्ने नीति लिइनेछ ।

१५.उ.स./टो.वि.सं. बाट संचालन हुने योजनाहरूमा फलामजन्य बस्तु, जस्तापाता लगायत हार्डवेयर सामाग्रीलाई कम्तिमा १०% श्रमदान गर्नुपर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

१६.उ.स./टो.वि.सं. मार्फत सञ्चालन हुने योजनाहरूको सम्झौता सम्बन्धित वडा कार्यालयबाट गर्न आवश्यक व्यवस्थापन गर्ने नीति लिइनेछ।

१७.एक लाख सम्म लागतका योजनाहरूको रकम भुक्तानी गर्दा वडास्तरीय अनुगमन समितिको प्रतिवेदनको आधार मानी वडास्तरीय अनुगमन समितिलाई कार्यमूलक बनाउने नीति लिइनेछ।

१८.प्रत्येक वडामा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने नीति लिइनेछ।

१९. एक लाखभन्दा माथि विनियोजन भएका योजनाहरूको सार्वजनिक सूचना पाटी अनिवार्य र प्रभावकारी बनाउने नीति लिइनेछ।

२०.जटिल प्रकृतिका पूर्वाधार योजनाहरू जस्तै हेभि मेसिन प्रयोग बढी हुने, धेरै सामग्री खरिद गर्नुपर्ने (सौर्य वत्ती, झो.पु.) योजनाहरू ठेक्का प्रक्रियाबाट मात्र कार्यान्वयन गर्ने नीति लिइनेछ।

२१.ठेक्का प्रक्रिया गर्दा E-biding लाई पहिलो प्राथमिकता दिने नीति लिइनेछ।

- **स्थानीय सडक, पुल तथा झोलुङ्गे पुल**

१. कालिका गाउँपालिकाको सबै वडा केन्द्र जोड्ने सडकलाई क्रमशः कालोपत्रे बनाउने र बाँकी सबै सडकलाई बाह्रै महिना सवारी साधन चल्ने बनाइनुका साथै नयाँ सडकको ट्र्याक खोल्नेभन्दा पनि पुराना सडकलाई स्तरोन्नती गर्ने प्राथमिकता दिइनेछ।

२. सबै प्रकारका सडकहरूको नक्शाङ्कन गरी राष्ट्रिय मापदण्ड अनुसार सडकहरूको क्षेत्र निर्धारण गरी निर्माण गरिनेछ ।

३. गाउँपालिकाले लगानी र फरफारक गर्नु पर्ने सबै सडक मार्गहरू सडकको केन्द्रबाट दुबैतर्फ कम्तिमा ४/४ मिटर चौडाई हुनु पर्ने नीति लाई कार्यान्वयन गरिने छ ।

४. स्थानीय जनता तथा उपभोक्ताको समेत सहभागितामा स्थानीय पूर्वाधारहरूको अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था मिलाइनेछ ।

५. राजमार्ग लगायतका सडकमा व्यक्तिगत वा व्यापारिक सामान राख्ने, फोहोर पानी बगाउने गाउँपालिकाले तोकेको क्षेत्र बाहेकका स्थानमा गाडा वा अन्य कुनै साधनमा व्यापारिक सामान विक्री गर्न र चौपाया, तथा कुखुरा लगायतका वस्तु छाडा छोड्न निषेध गरिएको छ। यदि कोहि कसैले सो कार्य गरे गराएमा गाउँपालिकाले निर्धारण गरे वमोजिमको जरिवानालाई कडाइका साथ लागू गरिने छ साथै पशु चौपाय तथा पन्छीहरु छाडा छोडी सवारी साधनको ठक्करबाट मृत्यु भएमा सवारी धनी, मजदुर वा सवारी सम्वद्ध व्यक्तिले कुनै क्षतिपूर्ति दिनु नपर्ने र पशुपन्छी छाडा छोड्नेलाई थप कारवाही हुने नीति अवलम्वन गरिने छ।

६. सडक लगायतका पूर्वाधार निर्माणमा वातावरणीय पक्षलाई ख्याल गर्नुपर्नेछ र सो कार्य गर्दा रुख तथा वनस्पति मासिन गएमा सडक वा संरचना वरपर नोक्सान भएको वनस्पति सार्नुपर्ने नीति लिइनेछ ।

७. सडकमा वर्षाको समयमा पहिरोले दुख दिइरहने क्षेत्रमा बायो इञ्जिनियरिङ्गलाई प्राथमिकता दिइनेछ।

८. यस गाँउपालिका भित्र पर्ने पासाङ ल्हामु राजमार्ग लगायतका स्थानमा गएका ठुला पहिरो नियन्त्रण गर्न र पहिरोलाई जनताको सहभागितामा रोकथाम गर्न आवश्यकता अनुसार सरोकार समितिहरु गठन गरी सम्वन्धित निकायमा दवाव समेत सृजना गरिनेछ।

- **सिँचाई**

१. कालिका गाउँपालिका क्षेत्रभित्र सिञ्चित क्षेत्र बृद्धि गरिनुका साथै जलश्रोतको बहुउद्देश्यि प्रयोगमा प्राथमिकता दिइनेछ।

२. कृषि उत्पादन र उत्पादकत्व अभिवृद्ध गर्न सिँचाईको विस्तार गर्न डिपबोरिङ साथै लिफ्ट सिँचाई निर्माणका लागि प्राविधिक सम्भाव्यताको अध्ययन गरिनेछ।

➢ **भवन तथा सहरी विकास**

१. भवन निर्माण सम्बन्धी सङ्घीय सरकारले तयार गरेको मापदण्ड तथा संहिताको पालना गर्दै गाउँपालिकाभित्र बन्ने घरहरुको अनिवार्य नक्सापास गर्नुपर्ने व्यवस्थालाई कडाईका साथ लागु गरिनेछ ।

२. गाउँपालिका क्षेत्रभित्रका घरहरुको अभिलेख तयार गर्ने र वार्षिक रुपमा घरधुरी कर निर्धारण गरी घरधुरी कर उठाउने व्यवस्था गरिनेछ ।

३. कालिका गाउँपालिका केन्द्र वरिपरी निर्माण हुने संरचनको सुधार गर्दै सो क्षेत्रमा सानो शहरको रुपमा विकास गर्न आवश्यक डिजाइन तयार गरी सुन्दर शहर निर्माण गर्ने नीति लिइनेछ।

४. गाउँपालिका क्षेत्रभित्र रहेका सरकारी भवनहरुको स्वामित्त्वसहित संरक्षणको व्यवस्था मिलाइनेछ।

➢ **उर्जा, लघु तथा साना जलविद्युत् (वैकल्पिक उर्जा समेत)**

१. ग्रामीण तथा सामुदायिक विद्युतीकरणको विकास र विस्तारमा विशेष जोड दिँदै समुदायमा आधारित विद्युत् उत्पादन प्रणाली, नवीकरणीय तथा बैकल्पिक उर्जा उत्पादन र प्रवर्द्धन जोड दिइनेछ । गाउँपालिका क्षेत्रभित्र सौर्य बत्ति नभएको थप स्थानहरुमा आगामी आर्थिक वर्ष सङ्घ र प्रदेश सरकारको सहकार्यमा सडक सौर्य बत्ति वा Electric Light जडान गरिनेछ।

➢ **सञ्चार**

२. गाउँपालिकाको सबै क्षेत्रमा मोबाइल सेवाको गुणस्तर बढाउन सम्बन्धित निकायमा पहल गरिनुको साथै टेलिफोन लाइन विस्तारका लागि आवश्यक पहल गरिनेछ।

३. कालिका गाउँपालिकाको कार्यलय परिसर तथा गाउँपालिकाले बजार तथा सार्वजनिक रुपमा मानिसको जमघट हुने स्थान पिकनिक स्पोर्ट, अस्पताल, विद्यालय वरपर फ्रि-वाइफाई सेवा सञ्चालनलाई निरन्तरता दिईनेछ।

४. सबै वडा कार्यालयमा इन्टरनेट पहुँच पुर्‍याई विद्युतीय माध्यमबाट व्यक्तिगत घटना अनलाइन दर्ता गर्ने र त्यहाँबाट प्रवाह हुने सेवाको सम्बन्धमा जानकारी र रिपोर्टिङ्ग नियमित गाउँपालिका र सम्बन्धित निकायमा पुर्‍याइनेछ।

५. राज्यको चौथो अङ्ग पत्रकारिता मार्फत् अनुगमन, सार्वजनीकरण तथा पारदर्शिता कायम गर्ने नीति लिइनेछ।

## वातावरण तथा विपत् व्यवस्थापन

➢ **वन तथा भू-संरक्षण**

१. सङ्कटपूर्ण अवस्थामा पुगेका जडीबुटी तथा वन–वनस्पतीहरूको संरक्षण, जैविक विविधताका हिसाबले महत्वपूर्ण क्षेत्र (Biodiversity hot Spot) को पहिचान तथा संरक्षण, जैविक विविधता अभिलेखीकरण सम्बन्धी कार्यक्रमहरू तर्जुमा गरिनेछ।

२. जलवायु परिवर्तनको नकारात्मक असरलाई न्यूनीकरण गर्न विकासका सबै चरणहरुमा विकास योजनालाई वातावरणमैत्री बनाउँदै लैजान सरोकारवालहरूको ध्यानाकर्षण गराइनेछ।रेड प्लस कार्वन सञ्चितबाट यो गाउँपालिकाले अनुदान प्राप्त गर्न सक्ने अवस्था रहेकोले सो सम्बन्धमा आवश्यक पहल गरिनेछ ।

३. भू–क्षय तथा प्राकृतिक प्रकोपको दृष्टिकोणबाट संवेदनशील मानिएका क्षेत्र तथा बस्तीमा प्रकोपको जोखिमलाई न्युनीकरण गर्न प्रकोप व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयनमा जोड दिइनेछ।

➢ **वातावरण संरक्षण**

१. विकास निर्माणका हरेक क्रियाकलापमा वातावरण संरक्षणलाई विशेष महत्व दिइनेछ ।
२. सार्वजनिक जग्गाको अभिलेख तयार गरी संरक्षण गर्ने तथा उपयुक्त स्थानलाई पार्कको रुपमा समेत विकास गरिने नीति लिइनेछ ।
३. बजार क्षेत्रको फोहोरलाई व्यवस्थित गर्न सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनुको साथै ढल निकासको व्यवस्था गरिनेछ।
४. प्रत्येक वर्ष गाउँमा प्रत्येक घरले एक विरुवा विक्षारोपण गर्ने र ती विरुवाहरु हुर्काउनुपर्ने नीति लिइनेछ।
५. दिगो विकासको अवधारणबमोजिम विकास निर्माणका क्रियाकलापहरु वातावरणमैत्री तवरले सञ्चालन गरिनेछ।
६. जुन ५ लाई अन्तर्राष्ट्रिय वातावरण दिवसलाई हरेक वर्ष मनाउने व्यवस्था गरिनेछ।

➢ **विपत् व्यवस्थापन**

१. विभिन्न माहामारी रोग र प्राकृतिक विपत्बाट उत्पन्न हुन सक्ने जोखिमको रोकथाम तथा नियन्त्रणका लागि प्रकोप व्यवस्थापन कोषमा बजेटको व्यवस्था गरिनेछ।
२. प्राकृतिक प्रकोपबाट हुन सक्ने जनधनको क्षति रोक्न जोखिम न्यूनीकरणका लागि पूर्वतयारीको व्यवस्था गर्ने, जोखिम प्रतिकार्य कार्यक्रम सञ्चालन गर्ने र जोखिममा परेका नागरिकहरुका लागि पुनर्स्थापना गरिनेछ।

## संस्थागत विकास, सेवा प्रवाह र सुशासन

➢ **सामान्य सेवा**

१. कार्यालयलाई एकीकृत भवनमा स्थानान्तरण गर्ने विषयलाई प्राथमिकतामा राखिनेछ।
२. गाउँपालिकाले प्रदान गर्ने सेवाप्रवाहलाई गुणस्तरीय, समावेशी एवम् सहज बनाउन विद्युतीय शासन प्रणालीको अवलम्बन गरी प्रशासनिक कार्यविधिलाई सरलीकरण र सङ्क्षेपीकरण निरन्तरता दिईने छ।
३. सेवाप्रवाहलाई जनमुखी र सेवामूलक बनाउन क्षतिपूर्ति सहितको नागरिक बडापत्र क्रमशः कार्यान्वयन गर्ने नीति लिइनेछ ।
४. प्रत्येक कर्मचारीको कार्यविवरण तयार गरी कार्यविवरणको आधारमा कार्यसम्पादन मूल्याङ्कन र पुरस्कार तथा दण्डको नीति लिइनेछ। साथै कार्यरत कर्मचारी मध्ये वार्षिक रुपमा उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारी पहिचान गरी पुरस्कृत गर्ने व्यवस्था मिलाइनेछ ।
५. कर्मचारीमा रहेको दोहोरो तेहरो सुविधा लिने प्रचलनलाई क्रमशः निरुत्साहन गरिनेछ तर कामको चाप हेरी प्रोत्साहन गर्ने नीति लिइनेछ ।
६. सुशासनका आधारभूत पक्षहरू उत्तरदायित्व, जवाफदेहिता, पारदर्शीता, जनसहभागिता र सामाजिक भावनालाई प्रवर्द्धन गर्दै सेवाग्राहीहरूलाई सुशानसनको अनुभूति दिलाउन गाउँपालिका तथा वडाहरूबाट प्रदान गरिने सेवा प्रवाह सरल र प्रभावकारी गराइनेछ।
७. गाउँपालिकाबाट संचालन गर्ने योजना तथा कार्यक्रमहरुलाई व्यवस्थित रुपमा सञ्चालन गर्न र सबै वडाहरुबाट सम्पादन गरिने कामलाई एकरुपता कायम गर्न कार्यक्रम कार्यन्वयन कार्यविधि वनाई लागू गरिनेछ।
८. समय समयमा घुम्ती सेवाको माध्यमबाट सेवालाई नागरिकको पहुँचमा पुऱ्याइनेछ।

➢ **सूचना प्रविधि**

१. गाउँपालिकाले प्रदान गर्ने सेवालाई छरितो तथा गुणस्तरीय रुपमा सम्पादन गर्न सूचना प्रविधिको उच्चतम उपयोगको लागि कर्मचारीहरलाई आवश्यक तालिमको व्यवस्था गरिनेछ।

२. गाउँपालिकाबाट प्रदान गरिने सार्वजनिक सेवालाई प्रविधिमैत्री बनाउनका लागि आवश्यक स्रोत साधनसहित सूचना प्रविधि अधिकृतको प्रवन्ध गरिनेछ।

➢ **पञ्जीकरण व्यवस्थापन**

**१.** सूचना प्रविधिको उपयोगबाट पञ्जीकरणको अनलाइन प्रविष्टिको व्यवस्था गरिनेछ ।

२. वडाबाट हुने व्यक्तिगत घटना दर्ताको प्रतिवेदन समयमै वा गाउँपालिका आउने र गाउँपालिकाले पनि तोकिएको अवधिमै सम्बन्धित निकायमा पठाउने व्यवस्था गरिनेछ।

३. पञ्जीकरण सम्बन्धी कार्यलाई प्रविधिमैत्री बनाउँदै छिटो छरितो भरपर्दो बनाउन गाउँपालिकामा उपलब्ध जनशक्तिहरुलाई क्षमता अभिवृद्धि गर्न पञ्जीकरणसम्बन्धी तालिमको व्यवस्था गरिनेछ।

➢ **सुशासन प्रवर्द्धन**

१. सेवा प्रवाहको बारेमा सूचना दिनको लागि सूचना अधिकारी तोकिने र सेवाको सम्बन्धमा जानकारी उपलब्ध गराउन सहायता कक्षको व्यवस्था गरिनेछ।

२. गाउँपालिकाभित्र उत्पन्न न्यायिक विवाद निरुपण वा न्याय सम्पादनमा सहयोग गर्न र कानुनी राय तथा परामर्शका निम्ति सङ्घीय सरकार र प्रदेश सरकारसँग समन्वय एवं सहकार्य गरी गाउँ कार्यपालिकाको कार्यालयमा एक जना कानुन अधिकृतको व्यवस्था गरिनेछ।

३. गा.पा. भित्रको सबै किसिमका अनियमिततालाई अन्त्य गरी भ्रष्टाचार विरुद्ध शुन्य सहनशीलता लागु गरिनेछ।

४. गाउँपालिकाबाट प्रदान गरिने सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी एवं गुणस्तरीय बनाउन गाउँपालिका र गाउँपालिकाअन्तर्गतका कार्यालयमा कार्यरत करार सेवाका कर्मचारीहरुलाई उत्प्रेरित गर्न थप प्रोत्साहनको व्यवस्था गरिनेछ।

५. गाउँपालिकाको कार्यालयको स्वामित्वमा रहेका सवारी साधन जे.सि.भि, टिप्पर र एम्बुलेन्सहरु कार्यविधि बनाइ व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।

➢ **विविध**

१. “आफ्नो गाउँ सुन्दर र समृद्ध बनाउ” भन्ने नीतिका आधारमा सबै वडाहरूले विकास निर्माण कार्यलाई अगाडि बढाउने नीति लिइनेछ।

२. यस कालिका गाउँपालिकामा राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर–सरकारी संस्थाहरूको लगानीलाई एकद्धार प्रणालीका आधारमा प्रोत्साहित गरिनेछ।उक्त संस्थाहरूको कार्यमा हुन सक्ने दोहोरोपन हटाउन, समन्वय र सहकार्य अभिबृद्धि गर्न गाउँपालिको हाल सञ्चालन गरिरहेको मासिक समन्वय बैठकका अतिरिक्त विशेष संयन्त्र बनाउने निति लिइनेछ।

३. गैर सरकारी संस्थाहरूबाट सञ्चालित क्रियाकलापहरूको नियमित अनुगमन गरी गैर सरकारी संस्थाहरु समेतको साझेदारीमा गाउँपालिकाको गतिविधि समेटिने गरी मासिक बुलेटिन प्रकाशन गरिनेछ।

४. यस गाउँपालिकामा वसोवास गर्ने सुकुम्बासीको पहिचान गरी सुकुम्बासी लक्षित कार्यक्रमहरु संचालन गरिनुका साथै द्वैध स्वमित्वमा रहेका जग्गाहरुलाई किसानको नाममा दर्ता गर्न पहल गरिनेछ र अव्यवस्थित बसोबासलाई व्यवस्थित गर्न आवश्यक कार्यहरु सञ्चालन गरिनेछ।

५. सहिद पार्क निर्माणको DPR तयार गरिनेछ र शहीद परिवारलाई सम्मान गरिनेछ।

६. दिनानुदिन युवा वर्गमा देखिएको दुर्व्यसनीलाई निरुत्साहित गर्न प्रहरी प्रशासन र अन्य सङ्घ संस्थाको सहयोग लिई युवा लक्षित कार्यक्रम संचालन गरिने छ।

सार्वजनिक जग्गाको पहिचान गरी संरक्षण गर्ने नीति लिइनेछ।

प्रमाणीकरण मितिः २०७९/०३/२५ गाउँसभाबाट स्वीकृत मितिः२०७९/०३/१०

आज्ञाले

शितल बहादुर रावल

प्रमुख प्रशासकीय अधिकृत